# कृषि वनको सहयोगमा उकासिएको अमृतको दैनिकी

राक्सिराङ गाउँपालिका वडा नं ५ का अमृत प्रजा (चेपाङ) अहिलेको सरल दैनिक जीवन नियाल्दा उनी सुखैमा हुर्केका छन् भन्ने बुझाइ आम मानिसमा हुन नसक्छ । राम्रै पोशाक काउँछन्, एन्ड्रोइड मोबाइल खेलाउँछन् उनी । झट्ट देख्दा इलाग्दो शरीर ।

तर अमृतको जिन्दगी खोतल्ने हो भने अनेक किसिमका बका अनुभवहरूको फेहरिस्त भेटिन्छ । मकवानपुरको प्रहाडी मा चेपाङ समुदायले जुन समस्या भोग्दै आइरहनुपरेको छ, समस्याबाट उनी नितान्त टाढा छैनन् । बरू, समस्याहरू दै जुध्दै अघि बढेका अमृतको अहिलेको सरल दैनिकी र यत बनेको हो भन्दा अत्युक्ति नहोला ।

अरू चेपाङहरू झैं उनी पनि अन्नको अभावमा भोकमरी स्याले सताइएका युवक हुन् । जो आफ्नो परिवार पाल्नका गि अनेक उपाय लगाउँछन् । चाहे जंगलमा पाइने कन्दमुल ट्ठा, भ्याकुर तथा टाँकीका साग खाएर किन नहोस् उनलाई फ्नो र परिवारको पेट भर्नु र भराउनुछ । यही कामका लागि ी सदैव संघर्षरत रहे । लामो समयसम्म आफ्ना खोरियामा स, गहत लगायत गेडागुडी बेचेर आएको पैसाले किनेको न समेत सकिएपछि उनी जंगल जानु र कन्दमुलहरू खोजेर ाउनुलाई आफ्नो दैनिकी ठान्छन् ।

तर पछिल्ला केही बर्ष यता उनीहरूको दिनचर्या फेरिएको । दिनचर्या फेरिएसँगै कन्दमूल खोजेर पेट भर्नुपर्ने बाध्यताबाट ने मुक्ति पाएका छन् । उनी र उनका छिमेकीहरूले सुरु गर । हैसियत बिग्रेका खोरियामा खेतीले उनीहरूलाई राम्रै गर ाछ । उनीहरूले आफ्नो उजाड र उदांगो खोरियामा केरा, ग्रिसो, भुँइकटहर, कागती डालेघाँसजस्ता वनष्पति रोपेका न् । यी सबै वनष्पतिले वातावरण सुधार गरी हरियाली कायम गरेका छन् नै, मानिसहरूको जीवनस्तर समेत फेरबदल ाइदिएको छ । अर्थात, उनीहरू पेट भर्नका लागि बिगतमा स्तो जंगल पसेर कन्दमुल र गिट्ठा भ्याकुर खोज्नुपर्ने सियतका छैनन् ।


अमृतले आफ्नो ८-१० बर्षअघिका सम्झना सुनाए । ोरियामा रोपिएको गहत, मास र कोदोले केही महिनामात्र ान पुग्थ्यो । बाँकी महिना अनिकालग्रस्त बनिदिन्थ्यो । नीहरूको दैनिक जीवनमा नै संक्रमण हुनेगरी आउने अनिकालका र्नका लागि अमृत र उनका छिमेकीहरू नजिकैको मनहरी जार र चितवनका बजारहरूमा श्रम गर्नका लागि जानुपर्थ्यो । नीहरूले चितवनमा धान काट्ने, गहुँ काट्ने, रोपाइँ गर्ने गायत कृषिका काम पनि सम्हालने । दैनिक मजदुरीबाट एको रकमले घरखर्च चलाउन, चाडबाड मनाउन र च्याकेटाकेटीहरूलाई कपडा किन्नका लागि पनि पुग्दैनथ्यो । मृत भन्छन्, 'दशैंमा मासु खाएको उधारो तिर्नका लागि ाडबाड नसकिँदै साहूका खेतमा कृषि मजदुरका रूपमा चितवनका ाँटहरूमा पस्नुपर्ने हामीहरूको बाध्यता थियो ।' केही चेपाङहरू ते हुन् भन्न तथा ब्लक उद्योगहरूमा काम गर्न जान्थे ।

उनले यो दुःख सँगै सुखका कुरा पनि सुनाउँदै गए । सँधै कहाँ एकैनास हुँदोरहेछ र ? जब गरिवी निवारण कोष र मनहरी विकास संस्था नेपाल (एमडिआई नेपाल) ले यस क्षेत्रमा आएर विपन्न समुदायको आयआर्जनलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न थाल्यो, त्यसपछि अमृत जस्तै धेरैको जीवनमा नसोचेको प्रगति देखिन थाल्यो । अहिले अमृतलाई खोरियाका माटो ढुंगा कोट्याएर जबरजस्ती गरिने मास, गहत र मकैको खेतीले मात्र मान्छेको जीवन बचाइराख्ने होइन रहेछ भन्ने पूर्ण रूपमै विश्वास लागेको छ । किनकी उनले त्यो कुरालाई प्रमाणित गररै देखाइसकेका छन् । खोरियामा केरा, अम्रिसो, भुँइकटहर, डालेघाँस, अमिलो खेती गर्दा पनि जीवन त झन् सहज हुँदो रहेछ भन्ने उनलाई लागेको छ । भन्छन्, 'आखिर कोदो, मकै, गहत र मासको आम्दानीभन्दा अम्रिसोको आम्दानी कुनै हिसावमा पनि कम छैन, बरू चौगुना बढी छ ।'

खोरियाका डिलहरूमा लगाइएको अम्रिसो बेचेर उनले आम्दानी लिन्छन् । यद्यपि ती डिलहरूमा कुनै पनि आम्दानीको सम्भावना यसअघि देखेका थिएनन् । हरेक बर्ष बद्दोत्रममा अम्रिसोको फाइदा आइरहेको छ । र, सोही अनुपातमा उनले अम्रिसोको संख्या बृद्धि पनि गरिरहेका छन् ।

जबकि, खेर गइरहेको खोरियामा मास नै छरेको भए पनि यत्तिको आम्दानी नहुने उनी अनुमान गर्छन् । बितेको ५-६ वर्षदेखि न त उनी अनिकाल टार्नका लागि चर्को श्रम गर्न जिल्ला बाहिर जानुपरेको छ, न त साहूकोमा ऋण लिन नै । उनी आफ्ना खोरियामा लगाएको केरा, अम्रिसो बेचेर दालचामलको जोहो गरिरहेका छन् । अहिले उनको खोरियामा ५ हजार बोट केरा छ । ५ हजार बोट अम्रिसो छन् । १ हजार ५ सय बोट भुँइकटहर र २५ बोट कागती छ । आधाघण्टा हिँड्यो भने नजिकैको मनहरी बजार पुग्न सकिन्छ ।

अमृतले केरा बिक्रीबाट आएको रकमले नै आजकाल घर खर्च जोहो गरिरहेका छन् । ३ वटी छोरीको पढाईका लागि कापीकलम किन्न होस् वा परिवारको दैनिक खर्च टार्न । अहिले अमृतको मुख्य स्रोत नै केरा बिक्री हो । केरा बेचेरै उनले मासिक ६ हजार भन्दा बढी रहम लिन्छन् । केरको भाउ पनि पहिलाको भन्दा राम्रो पाउन थालेका छन् । आम्दानीका हिसावले मात्र होइन वातावरणीय सुधारका हिसावले पनि आफ्ना पाखोखोरियालाई अमृतले आजकाल बुझ्ने गरेका छन् । किनकी आफ्नो हराभरा खोरियामा हिउँदको उदेकलाग्दो वातावरणमा हेरिरहूँजस्तो लाग्छ अमृतलाई । वारिपारि गाउँमा छिमेकीहरूले खोरियामा मास, गहत र मकै खेती गरी उजाड बनाएका खोरियाको तुलनामा अमृतको खोरिया निकै उदाहरणीय र आशालाग्दो छ । पहिलाजस्ता सबै मिलेर उजाड जंगल र खोरियामा आजकाल आगो लगाइँदैन । आगो लगाएमा खोरियामा अन्न बढी फल्छ भन्ने मान्यता यसअघि रहिआएको थियो । तर, अहिले यस्तो विश्वास पनि टुटेको छ, चेपाङ बस्तीतिर । मल हुने र राम्रो बिरूवा उम्रने आशामा लगाइने डढेलोले



अमृत प्रजा (चेपाङ
अध्यक्षः राबाङ सामुदायिक संस्था,

जंगलको सत्यानाश गरेको ती दिनहरु स पछुतो लाग्छ । केराको कोसा बिक्री, हरियो थम्बाको टुक्राबाट इबस्तुलाई दाना र सोत्तरको रूपमा प्रयोग गरेर अमृत र उन फाइदा लिइरहेका छन् । वतावरण पनि सप्रि खुसी छन् । भन्छन्-पखेराको हरियालीमा रूपमा आनन्द आउँछ, टाढाका खोरियाहर गर्नेहरूप्रति सहानुभुति पनि जाग्छ । मास खेती मात्रै हो ।'

अहिले गरिवी निबारण कोषको आर्थिक अध्यक्ष रहेको राबाङ सामुदायिक संस्थामार्फत खानेपानी निर्माणमा अमृत लागेका छन् । बस्तीका २४ घरपरिवार चेपाङलाई स्वच व्यवस्थापका लागि काम गरिरहेका छन् । खोल्साको मुहानबाट पानी ल्याउने तयारी निर्माणका काम धमाधम भइरहेको छ। सोही घण्टा हिँडेर जाँदा पनि गाउँलेहरूले पाउँदैनन् । धमिलो पानीलाई थिग्राएर पिउनुप छ । त्यही बाध्यताबाट आजित उनीहरू आयोजना सम्पन्न गर्ने अभियानमा श्रमदान निबारण कोषले यसका लागि ९ लाख ४ बिनियोजन गरिदिएको छ ।